# हलेसी तुवाचुङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

visit nepal 2020

प.स. ०७६।७७
च.नं. १००५

दुर्छिम, खोटाङ
१ प्रदेश, नेपाल

मिति : २०७६/०८/२०

श्री वडा कार्यालय (१, २, १० र ११),
हलेसी तुवाचुङ न.पा.,
दुर्छिम, खोटाङ।

*विषय : योजना सम्झौता सम्बन्धि अत्यन्त जरुरी सूचना।*

प्रस्तुत विषयमा यस हलेसी तुवाचुङ न.पाबाट चालु आ.व.२०७६/७७ मा वडा स्तरमा उपभोक्ता समिति मार्फत संचालन गरिने वडास्तरीय पुर्वाधार तर्फको योजनाको कार्यान्वयनका लागि पारित भएका उपभोक्ता समितिहरुलाई वडा कार्यालयबाट योजना सम्झौता गर्ने व्यहोराको सिफारिस पत्र सिफारिस भई आउदा **उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५** बमोजिम पुरा गर्नुपर्ने दायित्व एवं प्रकृया आउन नसकेको, उपभोक्ता समितिका पदाधिकारीहरु अलमलमा परेको जस्तो देखिएकोले निजहरुले सम्झौताको लागि पुरा गर्नुपर्ने आवश्यक कागजात "सेवा प्रवेश विन्दु" वडा कार्यालयमै चेकजाँच गरी सेवा प्रवाहमा सहजता र एकरूपता प्रदान गरिदिनु हुन अनुरोध गरिन्छ। साथै उपभोक्ता समितिले सिफारिसका लागि मात्र निवेदन पेश गर्दा तपशिल बमोजिमका कागजातहरु अनिवार्य रुपमा वडा कार्यालयमा चेकजाँच हेरी प्रति सिफारिस निवेदकका साथ संलग्न गरी पठाइदिनु हुन जानकारी गरिन्छ।
पुनश्च : यस अघि पहिलो चौमासिक भित्र योजना सम्झौता गरिसक्ने लक्ष्य लिईसकेकोमा हालसम्म पनि अपेक्षा/लक्ष्य अनुरुप प्रगति हुन नसकेको हुँदा यही मिति २०७६ मंसीर २२ गते कार्यालय समयावधिभित्रै योजना सम्झौता गर्न हुन र सम्झौता कार्यमा सहकार्य, समन्वय र सहजीकरण गरिदिनु हुन सबै वडा कार्यालयका जनप्रतिनिधी, वडा अध्यक्ष र सम्बन्धित वडा हेर्ने वडा सचिव लगायत अन्य सरोकारवाला पदाधिकारीलाई अनुरोध छ।

तपशिलः

१) वडा अध्यक्ष वा अख्तियार प्राप्त जनप्रतिनिधिको रोहवरमा आम भेलाबाट गठीत उपभोक्ता समिति र एक जना महिला सहित ३ सदस्यीय अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि
२) उपभोक्ता समितिको तर्फबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय
३) उपभोक्ता समितिका सबै पदाधिकारीको नागरिकताको प्रतिलिपि
४) योजनाको लागत अनुमान (Cost Estimation) सम्बन्धित वडा हेर्ने प्राविधिकसँग सम्पर्क गर्ने
५) अन्य काम कार्वाही र प्रक्रिया प्रचलित कानुन तथा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम गरिएको हुनुपर्ने।

२०७६।८।२०

(राजेशबाबु घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

राजेशबाबु घिमिरे
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ कार्यार्थ :
श्री योजना शाखा
श्री सूचना प्रविधि शाखा : पत्रलाई सम्पुर्ण वड कार्यायहरुमा Email गर्न हुना साथै Website मा सूचना upload गर्न हुन ।

"त्रिधार्मिक तपोःभूमि हलेसी"
*email : tuwachung.mun@gmail.com*
*website : halesituwachungmun.gov.np*